# लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८२/०३/१३


## भाग -२

## लालीगुराँस नगरपालिका, तेह्रथुम

## तीनजुरे सङ्गीत प्रशिक्षण केन्द्र सञ्चालन कार्यविधि २०८२

नगर कार्यपालिकाबाट पारित मितिः २०८२।०३।११

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८२।०३।१३

**प्रस्तावनाः** लालीगुराँस नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत सम्भावित प्रतिभा भएका इच्छुक विद्यार्थीहरुलाई गायन, सङ्गीत, नृत्य तथा वाद्यवादन जस्ता विधामा निरन्तर प्रशिक्षित गराई सङ्गीत सिकाईलाई संस्थागत गर्न वाञ्छनीय देखिएकाले,

लालीगुराँस नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम तीनजुरे सङ्गीत प्रशिक्षण केन्द्र, २०८२ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "नगर प्रमुख" भन्नाले लालीगुराँस नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(घ) "नगर उपप्रमुख" भन्नाले लालीगुराँस नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालीगुराँस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) "सभा" भन्नाले लालीगुराँस नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(छ) "केन्द्र" भन्नाले लालीगुराँस नगरपालिका अन्तर्गत गठित "तीनजुरे सङ्गीत प्रशिक्षण केन्द्र"लाई सम्झनुपर्छ।

(ज) "अध्यक्ष" भन्नाले केन्द्रको अध्यक्षलाई सम्झनुपर्छ।

(झ) "सदस्य" भन्नाले केन्द्रको सदस्यलाई सम्झनुपर्छ।

(ञ) "सदस्य-सचिव" भन्नाले केन्द्रको सदस्य-सचिवलाई सम्झनुपर्छ।

(ट) "सङ्गीत" भन्नाले गायन, वाद्यवादन र नृत्य समेतलाई सम्झनुपर्छ।

## परिच्छेद २

## केन्द्र स्थापना, प्रमुख संरक्षक, संरक्षक र गठन पदावधि, योग्यता, राजिनामा पुनःपदपूर्ति तथा फिर्ता बोलाउने

**३. केन्द्रको स्थापनाः** (१) नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई गीत, सङ्गीत र नृत्य जस्ता विधामा प्रशिक्षित गराउँदै त्यसको संरक्षण, सम्वर्द्धन र विकास गर्न कार्यपालिकाले लालीगुराँस सङ्गीत प्रशिक्षण केन्द्रको स्थापना गर्नेछ।

**४. प्रमुख संरक्षक र संरक्षकः** नगर प्रमुख र नगर उपप्रमुख क्रमशः केन्द्रको प्रमुख संरक्षक र संरक्षक हुनेछ।

**५. केन्द्रको अध्यक्षः** नगर प्रमुखले तोकेको व्यक्ति केन्द्रको अध्यक्ष हुनेछ। अध्यक्षको योग्यता यो कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

**६. <u>केन्द्रको गठनः</u>** (१) दफा ३ बमोजिम स्थापना भएको केन्द्रको गठन दफा १२ बमोजिम योग्यता भएका सम्वन्धित क्षेत्रमा ख्यातिप्राप्त जागरुक र क्रियाशील व्यक्तिहरुमध्येबाट देहाय बमोजिम हुनेछः

(क) नगर प्रमुखले तोकेको व्यक्ति -अध्यक्ष

(ख) नगरपालिका क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरुमध्ये नगर प्रमुखले तोकेको एकजना -सदस्य

(ग) नगर क्षेत्रभित्र सङ्गीत क्षेत्रमा ख्यातिप्राप्त, जागरुक वा क्रियाशील व्यक्तिहरुमध्येबाट कार्यपालिकाले तोकेका कम्तीमा एकजना महिला सहित तीनजना व्यक्ति -सदस्य

(घ) नगरपालिकाले करार/परामर्श सेवामा नियुक्त गरेको सङ्गीत प्रशिक्षक -सदस्य

(ङ) स्थानीयस्तरमा लोकबाजा बजाइरहेका व्यक्तिहरुमध्येबाट कार्यपालिकाले तोकेको एकजना जना दलित सहित दुईजना व्यक्ति -सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा/सामाजिक विकास शाखाको कर्मचारी -सदस्य सचिव

(२) दफा ६ को उपदफा (१) बमोजिमको पदाधिकारी तथा सदस्यहरुको मनोनयन कार्यपालिकाले समावेशी सिद्धान्तका आधारमा गर्नेछ।

(३) दफा ६ को उपदफा (१) बमोजिम मनोनयन भएका पदाधिकारी तथा सदस्यहरुलाई अनुसूची १ बमोजिम मनोनयन पत्र प्रदान गराउनु पर्नेछ।

**७. <u>पदावधिः</u>** दफा ६ को उपदफा (१) बमोजिम गठन भएको केन्द्रको पदाधिकारी तथा सदस्यको पदावधि गठन भएको मितिले दुई वर्षको हुनेछ।

**८. <u>राजीनामाः</u>** अध्यक्ष एवम् सदस्यले कुनै कारणवश आफ्नो पदबाट राजीनामा दिन चाहेमा नगर प्रमुख समक्ष राजिनामा पेश गर्नुपर्नेछ।

**९. <u>पद रिक्त हुने अवस्थाः</u>** (१) दफा ६ को उपदफा (१) बमोजिम गठन भएको केन्द्रको पदाधिकारी तथा सदस्यहरुको देहायको अवस्थामा पद रिक्त भएको मानिनेछः

(क) कुनै पदाधिकारी तथा सदस्यले पदावधि रहँदै राजिनामा दिएमा,

(ख) अन्य कुनै कारणले राजिनामा दिएमा ।

(ग) फौजदारी अभियोगमा सजाय पाएमा ।

(घ) स्थायी तवरले बसाईं सरी नगरपालिका क्षेत्र बाहिर गएमा ।

(ङ) पदीय दायित्व सन्तोषजनक ढङ्गले वहन नगरी कार्यपालिकाले पदबाट फिर्ता बोलाइएमा।

(च) निजको पदावधि समाप्त भएमा।

(छ) निजको मृत्यु भएमा।

**१०. <u>पुनःपदपूर्ति सम्वन्धि व्यवस्थाः</u>** (१) दफा ९ बमोजिमका कारणले केन्द्रको पद रिक्त भएमा वा अन्य कारणले केन्द्रको पद रिक्त भई बाँकी पदावधि छ महिनाभन्दा बढी भएमा कार्यपालिकाले दफा १२ बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट कार्यपालिकाले केन्द्रको रिक्त पदमा मनोनयन गर्न सक्नेछ।

**११. <u>फिर्ता बोलाउन सक्नेः</u>** केन्द्रमा मनोनयन भएका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी तथा सदस्यलाई कार्यपालिकाले आफ्नो पदबाट जुनसुकै बेला फिर्ता बोलाउन सक्नेछ।

**१२. <u>केन्द्रको पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछः</u>**

(क) २१ वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) केन्द्रको कार्य बारे पर्याप्त जानकारी भई योगदान पुर्याउन सक्ने स्थानीय व्यक्ति,

(ग) सङ्गीत तथा संस्कृतिको क्षेत्रमा योगदान पुर्याएको व्यक्ति,

(घ) नगरपालिकाको नागरिक/नगरपालिका भित्र स्थायी बसोबास गरी योगदान पुर्याइरहेको व्यक्ति,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति,

(च) मानसिक सन्तुलन ठीक भएको व्यक्ति,

(छ) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति,

(ज) अन्य कुनै प्रचलित कानूनले अयोग्य नठहराएको व्यक्ति ।

(झ)

## परिच्छेद ३

## केन्द्रको काम, कर्तव्य र अधिकार पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार

**१३. <u>केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

(क) नगरपालिका क्षेत्रभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई गीत, सङ्गीत, नृत्य तथा वाद्यवादन जस्ता विधामा निःशुल्क प्रशिक्षण उपलब्ध गराउने व्यवस्था मिलाउने।

(ख) नगरपालिका क्षेत्रभित्रका सबै विद्यार्थीहरुलाई पायक पर्ने स्थानमा निरन्तर घुम्ती सङ्गीत शिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने।

(ग) सार्वजनिक विदा एवम् विहान बेलुकीको समयमा सङ्गीत सिक्न चाहने नगर क्षेत्रभित्र बसोबास गर्ने नगरबासीहरुलाई नगरपालिकाले तोकेको उपयुक्त शुल्क लिई सङ्गीत विधामा प्रशिक्षण उपलब्ध गराउने।

(घ) सङ्गीतको क्षेत्रमा नगरपालिकाले स्वीकृत गरेका कार्यक्रमहरु सञ्चालन गर्ने।

(ङ) नगरपालिका क्षेत्रभित्रका विभिन्न जातजाति, भाषा/भाषिहरुको गीत/सङ्गीत/नृत्यको संरक्षण, सम्वर्द्धन र विकास गर्ने।

(च) सङ्गीत सम्बन्धी बार्षिक कार्ययोजना तयार गरी सभाको बैठक अगावै कार्यपालिका समक्ष पेश गर्ने।

(छ) नगरपालिकाले केन्द्र सञ्चालनका लागि उपलब्ध गराउने सम्पूर्ण जिन्सी सहितको सङ्गीत उपकरणहरुको संरक्षण, व्यवस्थापन मर्मतसम्भार गर्ने।

(ज) सङ्गीत सम्वन्धी विभिन्न दिवस, समारोह, जयन्ती लगायतका कार्यक्रमहरु आयोजना गर्ने।

(झ) सङ्गीत क्षेत्रमा क्रियाशील व्यक्तित्वहरुलाई सम्मान र पुरस्कारका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने।

(ञ) नगरपालिका क्षेत्रभित्र मनाइने विभिन्न चाडपर्व, मेला, महोत्सव, जात्रा तथा अन्य साँस्कृतिक पर्वहरुमा सङ्गीत सिक्ने विद्यार्थी एवम् प्रशिक्षार्थीहरुलाई साँस्कृतिक कार्यक्रम सहित सहभागी गराउने।

(ट) सङ्गीतसँग सम्बन्धित कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**१४. <u>केन्द्रको पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) केन्द्रको नेतृत्व गर्ने।

(२) केन्द्रको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने।

(३) सदस्य-सचिवलाई बैठक बोलाउन निर्देशन दिने।

(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने।

(५) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने।

(६) नगर प्रमुखसँग सम्पर्क समन्वय गर्ने।

(७) केन्द्रको कोषको खाता सदस्य-सचिवसँग सञ्चालन गर्ने।

(८) आय व्ययको स्रेस्ता दुरुस्त राख्न लगाउने।

(९) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने।

(१०) पदाधिकारी तथा सदस्यहरुको राजिनामा स्वीकृत गर्ने।

(११) केन्द्रले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने।

**(ख) सदस्य-सचिवको काम कर्तव्य र अधिकारः**

(१) केन्द्रको प्रशासकीय प्रमुखको हैसियतमा काम गर्ने।

(२) अध्यक्षको परामर्शमा केन्द्रको बैठक बोलाउने।

(३) बैठकको निर्णय उतार गरी अध्यक्षलाई प्रमाणित गराई बैठक पुस्तिका सुरक्षित राखे, राख लगाउने।

(४) कर्मचारीको रेखदेख, नियन्त्रण निर्देशन गर्ने।

(५) केन्द्रको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने, गराउने।

(६) केन्द्र तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने, गराउने।

(७) केन्द्रको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने, गराउने।

(८) केन्द्रको कोष सञ्चालन गर्ने।

(९) केन्द्रको नाममा रहेको बैंक खाता अध्यक्षसँग संयुक्त रुपमा सञ्चालन गर्ने।

(१०) कानून बमोजिम आर्थिक कारोबारको स्रेस्ता राख्ने, राख्न लगाउने ।

(११) नगरपालिकाले तोकेको लेखापरीक्षकद्धारा लेखापरीक्षण गराउने र प्राप्त भएका बेरुजु फछ्यौट गर्ने, गराउने।

(१२) प्रमुख प्रशासकीय अधिकृत समक्ष सङ्गीत र प्रशिक्षण केन्द्रसँग सम्बन्धित प्रतिवेदन त्रैमासिकरुपमा बुझाउने।

**(ग) सदस्यको काम कर्तव्य र अधिकारः**

(१) अध्यक्ष तथा केन्द्रलाई सहयोग गर्ने ।

(२) बैठकमा सहभागी भै आफ्नो मत व्यक्त गर्ने ।

(३) केन्द्र तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ४

## बैठक, गणपुरक संख्या, केन्द्रको कोष सञ्चालन प्रणाली

**१५. केन्द्रको बैठक देहाय बमोजिम सञ्चालन गरिनेछः**

(क) केन्द्रको बैठक आवश्यकतानुसार बस्नेछ।

(ख) बैठकको गणपुरक संख्या पुग्न एकाउन्न प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

(ग) गणपुरक संख्या नपुगी स्थगित भएको बैठक एकदिन पछि बस्नेछ । सो बैठकमा उपस्थित संख्या नै गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकमा अध्यक्षले प्रस्ताव गरेको विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

(ङ) बैठकमा कुनै सदस्यले प्रस्ताव पेश गर्नुपर्दा अध्यक्षले स्वीकृति दिएपछि मात्र पेश गर्न सकिनेछ।

(च) बैठकमा निर्णय सकभर सर्वसहमतिबाट गरिनेछ । यदि सर्वसहमतिबाट निर्णय हुन नसके बहुमतबाट निर्णय गरिनेछ ।

(छ) केन्द्रको बैठक अध्यक्षले निर्धारण गरेको मिति, समय र स्थानमा मात्र बस्नुपर्नेछ।

**१६. केन्द्रको आय व्यय सञ्चालन गर्न देहाय बमोजिम कोष र सञ्चालन प्रणाली हुनेछः**

(क) केन्द्रको लागि प्राप्त हुने सम्पूर्ण रकम केन्द्रको नाममा रहेको बैंक खातामा जम्मा गरेर मात्र खर्च गरिनेछ।

(ख) केन्द्रको कोषमा देहाय बमोजिम रकम प्राप्त हुनेछः

(१) नगरपालिकाले वार्षिक बजेटको रुपमा उपलब्ध गराउने रकम ।

(२) दान, दातव्य, अनुदान सहयोगबाट प्राप्त हुने रकम ।

(३) सेवा सञ्चालनबाट प्राप्त हुने रकम ।

(४) अन्य रकम।

**१७.** कोषको सञ्चालन प्रचलित लेखा प्रणालीबाट गर्नुपर्नेछ।

**१८.** केन्द्रको आर्थिक वर्ष नगरपालिकाको आर्थिक वर्ष सरह हुनेछ।

**१९.** केन्द्रको कोष सञ्चालनको लागि विकास वा वाणिज्य बैंकमा खाता खोली अध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**२०.** केन्द्रले आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र कार्यपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराई नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५

## कार्यालय, कर्मचारी व्यवस्था, छाप

**२१.** केन्द्रको बेग्लै कार्यालय रहनेछ।

**२२.** केन्द्रको कार्यालय नगरपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ ।

**२३.** केन्द्रलाई आवश्यक पर्ने कर्मचारी व्यवस्था नगरपालिकाले गर्नेछ र केन्द्रको आम्दानीले कर्मचारीको सेवा सुविधा वहन नगरुञ्जेलसम्म नगरपालिकाले वहन गर्नेछ।

**२४.** सङ्गीतसँग सम्बन्धित जनशक्ति एवम् कर्मचारी तथा अन्य आवश्यकताबारे केन्द्रले नगरपालिकालाई जानकारी गराउनु पर्नेछ।

**२५.** नगरपालिकाको तीनजुरे पहाडको बीचमा लालीगुराँस अंकित केन्द्रको बेग्लै छाप, लेटर प्याड, साइन बोर्ड हुनेछ।

## परिच्छेद ६

## विविध

**२६.** **संशोधनः** (१) केन्द्रको सञ्चालन कार्यविधि संशोधन गर्न आवश्यक भएमा केन्द्रले तयार गरी नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(२) दफा (१) बमोजिमको प्रस्ताव उपयुक्त लागेमा नगर प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत भएमा मात्र सञ्चालन कार्यविधि संशोधन भई कार्यान्वयन हुनेछ ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

**२७.** **सपथः** केन्द्रको पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ/आफ्नो पदभार सम्हाल्नु अघि अध्यक्ष तथा सम्पूर्ण मनोनित पदाधिकारीले नगर प्रमुख समक्ष लिनुपर्नेछ।

# अनुसूची-१

## (दफा-६ को उपदफा (३) सँग सम्वन्धित)

## लालीगुराँस नगरपालिका

प.सं.

च.नं.

मितिः २०८..।.........

विषयः मनोनयन गरिएको।

श्री

उपरोक्त सम्बन्धमा लालीगुराँस नगरपालिका, नगर कार्यपालिकाको मिति २० । । को निर्णयानुसार लालीगुराँस नगरपालिकाको तीनजुरे सङ्गीत प्रशिक्षण केन्द्र सञ्चालन कार्यविधि, २०८२ को दफा ६ को उपदफा (१) को खण्ड (क) (ख)/(ग)/(घ), (ङ) अनुसार तपाईलाई लालीगुराँस नगरपालिकाको "तीनजुरे सङ्गीत प्रशिक्षण केन्द्र" को ....... पदमा सोही कार्यविधिको दफा ७ बमोजिम पदावधि कायम हुने गरी मनोनयन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

तपाईंले उक्त जिम्मेवारी प्राप्त गर्नुभएकोमा बधाई ज्ञापन गर्दै आफ्नो पद अनुरुपको कर्तव्य पालन तथा आचरण प्रकट हुनेछ भन्ने अपेक्षा गरिएको छ।

.........................................

(प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थः

श्री नगर प्रमुखज्यू, /श्री नगर उपप्रमुखज्यू, लालीगुराँस नगरपालिका।

श्री लालीगुराँस सङ्गीत प्रशिक्षण केन्द्र, लालीगुराँस नगरपालिका, बसन्तपुर, तेह्रथुम।

# अनुसूची-२
## (दफा-२७ सँग सम्वन्धित)

**शपथ**

म नगरपालिका र नगरका जनताप्रति पूर्ण बफादार रही निष्ठापूर्वक प्रतिज्ञा गर्छु नगरपालिका र नगरका जनताको नाममा शपथ लिन्छु कि नगरपालिका र नगरका जनताप्रति पूर्ण बफादार रही "लालीगुराँस नगरपालिकासङ्गीत केन्द्र" को पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँ दा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मितिः

नामः

पदः

**आज्ञाले**
**सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**